म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५५ शुक्रबार १४ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 26 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालबालिकालाई क्षमता विकास र माईन्युट लेखन तालिम



हेटौंडा, १३ वैशाख/मकवानपुरको मनहरी गाउँपालिकामा बालबालिकाको क्षमता विकास तथा माईन्युट लेखन सम्बन्धी ५ दिने तालिम बुधबारबाट सुरु भएको छ ।

मनहरी गाउँपालिकाको आयोजना तथा नमस्ते मनहरी मिडिया प्रालिको समन्वयमा तालिम सुरु भएको हो । बैशाख १६ गतेसम्म चल्ने तालिम मनहरी गाउँपालिका वडा नम्बर ३ लामिटारमा सुरु भएको हो । तालिममा बालबालिकाको क्षमता विकास तथा माईन्युट लेखनसम्बन्धी विस्तृत रुपमा प्रशिक्षण दिइने बताइएको छ ।

# हेटौंडा सिमेन्टका पूर्वकर्मचारीले १७ करोड पाएनन्, उधारो नै ६० करोड

## ● क्यान्सर पीडितको पनि हात रित्तै, बाबुको पैसा माग्दै छोरा आन्दोलनमा ●

भानुभक्त आचार्य

हेटौंडा, १३ वैशाख/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगका २७ जना पूर्वकर्मचारीले अवकाशपछि पाउनुपर्ने उपदान र औषधिउपचार खर्चवापत्को रकम पाएनन् ।

दुई वर्षअघि अवकाश भइसकेकाहरुले हालसम्म पनि उपदान र औषधिउपचार खर्चको रकम नपाएपछि पूर्वकर्मचारी उद्योगसँग रकम माग्दै आन्दोलनमा होमिएका छन् । यसअघि १५ चैतमा धर्ना बसेका पूर्वकर्मचारी बिहीवार उद्योगको प्रशासन भवन अगाडि धर्नामा बसेका थिए । २१ साउन २०७९ देखि १० वैशाख २०८१ सम्म २९ जना कर्मचारीले अवकाश लिइसकेका छन् ।

जसमध्ये एकजनाले उपदान र उपचार खर्च पाए भने एकजना भर्खरै अवकाशमा गएकाले उनले लिनुपर्ने रकमको उद्योगले निक्यौंल गरिसकेको छैन । २८ जना पूर्वकर्मचारीले उपदान रकम र औषधिउपचारवापतको खर्च गरी १६ करोड ९६ लाख ९१ हजार ३३८ रुपैयाँ लिन बाँकी रहेको उद्योग प्रशासनले जनाएको छ । १३ करोड ६२ लाख ६९ हजार २८६ उपदान रकम र ३ करोड ३४ लाख २२ हजार ५२ औषधिउपचार खर्च पूर्वकर्मचारीलाई दिनुपर्ने दायित्व उद्योगसँग छ ।

अवकाश पीडित कर्मचारी समूहले ३० चैत २०८० मा अर्थमन्त्री वर्षमान पुनसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, मकवानपुरका प्रतिनिधिसभा सदस्य नेकपा एमालेका प्रमुख सचेतक महेशकुमार बर्तौलासहित सबै राजनीतिक दललाई निवृत्तिभरण वापतको रकम उपलब्ध गराइदिन अनुरोध गरेका थिए । उद्योगले २५ पुसमा पूर्वकर्मचारीसँग सम्झौता गर्दै फागुन २०८० भित्र एकजनालाई उपदान दिने र बाँकी सबैलाई असार मसान्तसम्म दिइसक्ने सहमति गरेको छ ।

तर, उद्योगले तत्काल १७ करोड रकम दिन नसक्ने बताएको छ । उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले पूर्वकर्मचारीको





माग जायज भएपनि उद्योग घाटामा रहेकाले रकम दिन नसकिएको बताए । उद्योगको सबलीकरण र पूर्वकर्मचारीको समस्या समाधानका लागि पहल भइरहेको पाण्डेले बताए । अर्थ मन्त्रालयमा पूर्वकर्मचारीको रकम एकमुष्ट दिनुपर्ने मागसहित पत्राचार गरिएको र जवाफ सकारात्मक आएको पाण्डेले जनाए । उद्योगले सम्पत्ति बिक्रीबाट पनि दायित्व घटाउने तयारी गरेको उनको भनाई छ ।

### क्यान्सरका बिरामीले समेत पाएनन रकम

सप्तरीको खड्ग नगर पालिका-११ का बहुरीप्रसाद चौधरी हस्पिटलले जोडिदिएको वैकल्पिक पिसाबथैली नै बोकेर आन्दोलनमा होमिएका छन् । पिसाबथैलीमा क्यान्सर भएपछि शल्यक्रिया गरेको चौधरीले जानकारी दिए । 'मेरो पिसाबथैलीमा क्यान्सर हुँदासमेत ऋण खोजेर उपचार गर्नुपरेको छ । ऋण तिर्नलाई अब यस्तो अवस्थामा के काम गर्न जाउँ ? उद्योगले पैसा दिएन, त्यही भएर बिरामी हुँदा पनि धर्नामा आएको छु,' उनले सुनाए । चौधरीको उद्योगसँग ५२ लाख ३१ हजार ७२३ रुपैयाँ लिनुपर्ने अभिलेखमा छ ।

अवकाश लिएकामध्ये हेटौंडा-१३ पदमपोखरीका निङ्मा दोर्जेलामाको मृत्यु भइसकेको छ । उनका छोरा छेवाङ सिन्तान लामा आन्दोलनमा सहभागी छन् । उपदान र उपचार खर्च गरी ५२ लाख ८३ हजार रुपैयाँ लिनुपर्ने निङ्माको गत १८ मंसिरमा मृत्यु भयो । 'उपचार गर्न खर्चसमेत भएन । यतिका वर्ष उद्योगमा काम गरेर उपचारसमेत गर्न नपाउँदा दुःख लाग्यो,' छोरा छेवाङले भने ।

बीरगञ्जका सञ्जय केशरी अर्याल मुटुको समस्याले घरको ओछ्यानमै थलिएको अवकाशपीडित कर्मचारी समूहका संयोजक एकाबहादुर डंगोलले जानकारी दिए । कर्मचारीले उपचार समेत गर्न नपाएको डंगोलको भनाई छ । अर्यालले उपदानको ६३ लाख ७० हजार ५२३ र उपचार खर्चवापत्को १२ लाख २ हजार १९ रुपैयाँ पाउनु पर्ने उद्योग प्रशासनको अभिलेखमा उल्लेख छ ।

उद्योगसँग ४३ लाख ९ हजार ७२३ रुपैयाँ लिन बाँकी हेटौंडा-४ घर भएका रामकुमार सुनारले गत भदौमा श्रीमती पार्वती सुनार गुमाए । क्यान्सरले श्रीमतीको मृत्यु भएको बताउँदै सुनारले भने, 'श्रीमतीको उपचार गर्न जागिर छोडेँ । न जागिर रह्यो न त श्रीमती । अझैसम्म उद्योगले उपदान र उपचार खर्च पनि दिएन,' श्रीमतीको उपचारका लागि घर धितो राखेको सुनाउँदै सुनारले बैंकले लिलामी निकाल्ने डरले संधै पिरोल्ने बताए ।

चौधरी, अर्याल, सुनार जस्ता सबैको आआफ्नै दुःख र पीडा रहेको आन्दोलनलाई नेतृत्व गरिरहेका डंगोल सुनाउँछन् । उद्योगको उत्पादनलगायतका क्षेत्रमा ३५-४० वर्षदेखि काम गर्दा बुढ्यौलीमा आएर अधिकांशलाई रोगले च्यापेको उनले बताए । यतिका वर्षसम्म पसिना बगाएको उद्योगले उपचार गर्नसमेत पैसा नदिँदा दुःख लाग्ने शिव अधिकारी बताउँछन् । यसअघि नै अवकाश लिइसकेका उदयपुरका अम्बरबहादुर विष्टलाई भने गत माघमा उद्योगले करिब ५५ लाख रुपैयाँ उपदान र उपचार खर्च दिएको थियो ।

### उद्योगको उधारो नै ६० करोड

हेटौंडा सिमेन्ट उद्योगको दायित्व नै ६० करोडभन्दा बढी रहेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । कोइला, जिप्सन, आइरन वरलगायत कच्चापदार्थ र चुनढुंगाको २६ करोड रुपैयाँ उधारो उद्योगमाथि दासयत्व रहेको छ । उद्योगलाई आवश्यक पर्ने स्पेयर पार्टसको करिब ३ करोड रुपैयाँ, ३० जना अवकाश प्राप्त कर्मचारीकै झण्डै १८ करोड, अतिरिक्त समय (ओटी) गत वैशाखदेखि नै भुक्तान हुन सकेको छैन । कर्मचारीको संचयकोषको रकम पनि गत भदौसम्म मात्रै दाखिला भएकाले त्यसको रकम दायित्वको रुपमा छ । उद्योगले स्थायी कर्मचारीको बीमा गरेको रकमसमेत भुक्तानी दिन नसकेको उद्योगका सूचना अधिकारी अशोक गौतमले बताए ।

कर, महशुल, विद्युत, अन्तशुल्क गरेर नै करिब ८ करोड रुपैयाँ भुक्तानी हुन बाँकी रहेको उद्योगले जनाएको छ । बिजुली वापतको करिब ६ करोड तिर्न बाँकी रहेको छ । सिमेन्ट उत्पादन र बिक्रीबाट प्राप्त रकमबाट कर्मचारीको तलब भुक्तानी गरिएको हेटौंडा सिमेन्ट उद्योग प्रशासनले जनाएको छ । उद्योगले चालू आर्थिक वर्ष २०८०/८१ को १२ वैशाखसम्म ६ सय ४९ रुपैयाँ प्रतिबोराका दरले सिमेन्ट बिक्रीबाट ३३ करोड ३९ लाख १७ हजार ४३७ रुपैयाँ आम्दानी गरेको छ ।

कवाडी सामानको लिलामीबाट २ करोड रुपैयाँ आम्दानी भएको उद्योगले जनाएको छ । उद्योगको गोदाममा करिब डेढ लाख बोरा सिमेन्ट मौज्दात रहेको उद्योग प्रशासनले जनाएको छ । जसको मुल्य ९ करोड माथि हुन्छ ।

# मकवानपुरमा एकैदिन तीनजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ मकवानपुरमा बिहीवार एकैदिन फरक-फरक घटनामा तीनजनाको ज्यान गएको छ । भीरबाट लडेर, पौडी खेल्दा डुबेर र सवारी दुर्घटनामा ३ जनाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

कैलाश गाउँपालिका-१० सादिखोरियास्थित भित्री सडकखण्डमा गएराति ट्याक्टरले चेपिएर एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कैलाश-१० पुरानोगाउँका ३५ वर्षीय प्रदीप वाइबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । भालटारबाट पुरानो गाउँतर्फ बिजुलीको पोल बोकी जाँदै गरेको बागमती प्रदेश०३-००१ त ०४१९ नम्बरको ट्याक्टरको पछाडि टेलरमा सवार प्रदीपको सोही ट्याक्टरबाट लडेर पछाडिको चक्काले किच्दा घटनास्थलमै मृत्यु भएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।



प्रहरीले ट्याक्टर र ट्याक्टर चालक भीमफेदी गाउँपालिका-९ बागमारा बस्ने ३३ वर्षीय वीरमान स्याङतानलाई नियन्त्रणमा लिई घटनाबारेमा आवश्यक अनुसन्धान गरिरहेको मकवानपुर प्रहरीले जनाएको छ । यसैगरी, बिहीबार खोलामा पौडी खेल्ने क्रममा डुबेर एकजनाको मृत्यु भएको छ । मनहरी गाउँपालिका-७ स्थित मनहरी माथिल्लो बजार बस्ने ३३ वर्षीय शेखर थापाको मृत्यु भएको हो । नुहाउने क्रममा पानिमा डुबेका उनको खोलामै मृत्यु भएको र इप्रका मनहरीले मुचुल्कापश्चात पोष्टमार्टमको लागि हेटौंडा अस्पतालमा ल्याइएको छ ।

राक्सिराङ गाउँपालकि-४ पञ्चमी बस्ने ४१ वर्षीय ईमानसिङ थिङ भीरबाट लडी घाईते भएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । उपचारको क्रममा चितवन स्थित भरतपुर अस्पतालमा उनको ज्यान गएको हो । उनको टाउकोमा गहिरो चोट लागेको प्रहरीले जनाएको छ ।

# रोजगारी श्रृजना गर्न छलफल गर्दै उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ रोजगारीको अभावमा रहेका नगर क्षेत्रका युवालाई रोजगारी श्रृजना गर्ने अभियानमा हेटौंडा उपमहानगर पालिका लागेको छ । रोजगारीमा लाग्न चाहनेहरु लक्षित गर्दै उपमहानगरपालिकाले रोजगारी श्रृजना गर्ने तयारी थालेको हो ।

नगरक्षेत्रमा रहेका बेरोजगारलाई न्यूनतम रोजगारीको प्रत्याभूत गर्न यहाँका उद्योग प्रतिष्ठान, व्यावसायिक क्षेत्रमा आवश्यक सहजिकरण गर्ने काम सुरु भएको छ । नमूना रोजगार सेवाकेन्द्रले बिहिबार निजी क्षेत्र तथा सरोकारवालाबीच छलफल तथा अन्तरक्रिया गर्दै रोजगारी श्रृजना गर्ने कामलाई अघि बढाएको हो । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको कार्यक्रममा नगरले दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरीक रोजगारीको प्रवर्द्धन र विकास गर्दै रोजगारीको क्षेत्रको पहिचान गर्ने बिषयमा छलफल भएको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीयअधिकृत रामबाबु पुरी, आर्थिक विकास महाशाखाप्रमुख राजेश्वरी शाही, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारी, उद्योग संघ हेटौंडाका अध्यक्ष बद्रीनाथ शर्मा, अन्तर्राष्ट्रिय श्रमिक संगठन (आइएलओ) का प्रतिनिधि तुलसी रिजाल, बिजय बैद्य लगायतले आफ्नो धारणा राखेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats
Hurry Up !
Seats are limited
Book your seat on time

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# हिउँदे अधिवेशन

बागमती प्रदेश सरकारले प्रदेशसभाको दोस्रो कार्यकालको देस्रो अर्थात् हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको छ । बुधवार बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन अन्त्यका लागि प्रदेशप्रमुख यादवचन्द्र शर्मासमक्ष सिफारिस गर्ने निर्णय गरेको र प्रदेशप्रमुख शर्माले बुधवार साँझ नै अधिवेशन अन्त्य भएको घोषणा गरेका छन् । प्रदेश सरकारको सिफारिसमा प्रदेशप्रमुखले अधिवेशन अन्त्यको घोषणा गर्ने संवैधानिक व्यवस्था रहेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माणको तयारीमा रहेकाले सरकारले हिउँदे अधिवेशन अन्त्य गरेर जेठबाट प्रि-बजेट छलफल सुरु गर्दैछ । आर्थिक मामिला तथा योजना मन्त्रालयले पूर्वबजेट छलफल अगाडि बढाइसकेको छ । जेठमा बजेट अधिवेशन बोलाउने तयारी सरकारले गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जानकारी दिएको छ । १५ फागुन २०८० बाट हिउँदे अधिवेशन सुरु भएको थियो ।

९ जेठ २०८० मा बजेट अधिवेशन बोलाएर चालू आर्थिक वर्ष २०८०/८१ को बजेट २२ असारमा पास गरिएको थियो । त्यसपछि १८ भदौमा बोलाइएको बैठक नबसी स्थगित भएको थियो । त्यसपछि २४ र ३० भदौ, १४, १५, २१ असोजमा बसेपछि प्रदेशसभा ठप्प बनेको थियो । हिउँदे अधिवेशनमा बैठक बसेको दिन पाँच र पाँच दिनमा ५ घण्टा ११ मिनेट मात्रै बैठक चलेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । ५७ दिनको अधिवेशन अवधिमा ६ वटा मात्रै बैठक बसेको प्रदेशसभा सचिवालयले जानकारी दिएको छ । अधिवेशनभर शून्य समय भएन भने विशेष समय एउटा चलेको थियो । विधेयक अधिवेशनको रुपमा चिनिने हिउँदे अधिवेशनबाट हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएर उद्योग, पर्यटन तथा वातावरण समितिमा पठाइएको प्रदेशसभा सचिवालयले बताएको छ । हिउँदे अधिवेशनको १५ फागुनमा बसेको पहिलो बैठक प्रदेशका भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण पूर्वमन्त्री स्वर्गीय बलराम पौडेलको शोक प्रस्ताव पारित गरेर स्थगित भएको थियो । १७ फागुनमा बसेको दोस्रो बैठकले बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन, १७ फागुनमै बसेको तेस्रो बैठकमा हस्तकलाग्राम विधेयक पेश तथा विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो ।

२९ फागुनमा बसेको अधिवेशनको चौथो प्रदेशसभा बैठकमा विशेष समितिको प्रतिवेदन पेश, ३० फागुनमा भएको पाँचौं बैठकले प्रतिवेदनमाथि छलफल र पारित गरेको थियो । १९ चैतमा भएको हिउँदे अधिवेशनको अन्तिम तथा छैठौं बैठकबाट मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रोपटक विश्वासको मत लिएका थिए । १०८ जना सांसद उपस्थित बैठकमा जम्कट्टेललाई पक्षमा ५६ जना, विपक्षमा ३७ जनाले मत दिए भने १५ जना तटस्थ बसेका थिए । हिउँदे अधिबेशनको महत्व जति धेरै भएपनि औचित्यहिन रुपमा समापन भएको छ । अधिबेशनले जुन कुरामा छलफल गर्नुपर्ने थियो त्यो हुन सकेन । सत्तापक्ष र प्रतिपक्षबीचको हानथापका कारण अधिबेशन घण्टामा सीमित भएको बुझिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ बैशाख १५ गते शनिबार २७ अप्रिल २०२४ । तृतीया, बैशाख कृष्णपक्ष । चौलागा ११४४ ने.सं. । सूर्योदय ५:३०, सूर्यास्त ६:३५ । राष्ट्रिय चिया दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# नेपाली समाजले कुरिरहेको समृद्धिको बुलेट रेल



✍ डा. सन्जिब हुमागाई

केही समयदेखि आम नेपालीको जीवन नैराश्यताले ग्रसित छ भन्ने एउटा जबर्जस्त भाष्य स्थापित गर्न खोजिंदैछ । नेपालको वर्तमान अवस्थालाई हालसालै स्टेट फेलियर (असफल राज्य)को अनुभव भोगेका देशहरूसँग तुलना गर्ने गरिन्छ । यहाँ अब केही पनि सुधार हुँदैन र युवाको भविष्य पनि छैन भन्ने तर्क दैनिक जीवनको भाषा बनिसकेको छ । पछिल्लो समय यस्तो नैराश्यता मध्यम र उच्च आय भएका व्यक्तिहरूसम्म पनि फैलिएको विषयलाई सामाजिक एवं आर्थिकको संवादमा विशेष ग्राह्यता दिने गरिएको छ ।

नेतृत्व तहमा रहेका अधिकांश पृथक् प्रतिक्रिया दिंदै भन्छन्, ‘अहिले हामीले जे गरिरहेका छौं त्यो नै अधिकतम हो । कुनै नयाँ पात्र वा विधिले अहिलेको अवस्थामा तात्विक भिन्नता सिर्जना गर्न सक्दैनन् । विकास एवं सुधारको आफ्नै क्रमिक चरणहरू हुन्छन् । हामी त्यसैतर्फ उन्मुख छौं ।’ युवामा आफ्नो अहिलेको अवस्थासँग रहेको असन्तुष्टि पनि त्यस्तै अर्को एउटा स्वाभाविक प्रक्रिया हो भन्ने उनीहरूको व्याख्या रहेको पाइन्छ । विगत ३० वर्षमा नेपालले प्राप्त गरेको भौतिक र सामाजिक विकास समान अवस्थामा रहेका अन्य देशहरूको तुलनामा उल्लेखनीय रहँदारहँदै पनि आफूहरूले बुझाउन नसकेको ठान्दछन् उनीहरू ।

विगतमा धेरैपटक हामीले गरेको गल्ती झैं अहिलेको हाम्रो बहस पनि अपूर्ण, विभाजित, पूर्वाग्रही वा पक्षपाती छ । केही हदसम्म नियोजित र दलगत स्वार्थप्रेरित छ । मतदातालाई विभाजित गरेर आफ्नो मत सुरक्षित बनाउने लोकप्रियतावादका गन्धहरू पनि मिसिएका छन् । अब नेपालको सर्वाङ्गीण आर्थिक विकासको बहस अहिलेको यस साँघुरो घेराबाट बाहिर आउन आवश्यक छ ।

जनमानसमा रहेका असन्तुष्टिहरूलाई कसरी विकासको ऊर्जामा परिणत गर्न सकिन्छ भन्ने एक नवीन र सृजनशील बहस कुरिरहेको छ, वर्तमान नेपालले । यो आलेख कत्ति पनि ढिला नगरी सुरु गर्नुपर्ने दुई यस्तै विषयहरूमा केन्द्रित छ । हामी सबैले मिलेर यस्तै अन्य र थप उत्पादक एवं सकारात्मक विषयहरूको बहसका माध्यमबाट विकासको वातावरणलाई थप मजबुत र सशक्त बनाउन सक्नुपर्छ । तब हामी सबै विकासतर्फ उन्मुख हुन्छौं । अनि मात्रै सुन्दर भविष्यको परिकल्पना गर्न सकिन्छ । फगत नकारात्मक विषयको चिन्तनमा सीमित भएर समृद्धि हासिल गर्न सकिन्छ र ? विकसित देशहरूका अनुभवमा आधारित भई हाम्रो जस्तो सामाजिक धरातलमा आर्थिक, सामाजिक र राजनीतिक उन्नति सम्भव छ भन्ने विषयमा नेपाली समाजमा एउटा नयाँ बहस र अभियान नै आवश्यक छ ।

**सामाजिक पूँजी**

सामाजिक सद्भाव, सहकार्य र एकता दोस्रो विश्वयुद्ध पश्चात् अनुकरणीय आर्थिक विकास हासिल गरेका मुलुकहरूको साझा विशेषता हो । यसले नागरिकहरूबीच निर्धक्क विचार लगायत वस्तु र सेवाको आदानप्रदानको वातावरण सिर्जना गर्दछ । सहभागिता र सहकार्य अभिवृद्धि गर्दछ । नागरिकहरूलाई साझा मुद्दामा एकाकार गर्दछ । यसलाई सामाजिक पूँजी भनेर व्याख्या र मापन गर्ने गरिएको छ ।

सामाजिक पूँजीको तह निर्धारणमा समाजका सदस्यहरूका साझा मूल्य, मान्यता र विश्वास, उनीहरू बीचको सम्बन्ध एवं सञ्जाल तथा सामाजिक संस्थाहरू निर्णायक हुन्छन् । तत्काल गर्नुपर्ने पहिलो बहस भनेको नेपालीहरू बीचमा त्यस्तो सामाजिक पूँजी अभिवृद्धि गर्न कसले, कहाँबाट, के गर्नुपर्दछ भन्ने नै हो ।

सरकारको भूमिका के ? सदनको भूमिका के ? अदालतको भूमिका के ? राजनीतिक दलको भूमिका के ? नागरिक समाज र निजी क्षेत्रको भूमिका के ? नागरिकको भूमिका के ? नागरिकले आफ्नो भूमिका बुझ्दा र अनुसरण गर्दा मात्र सामाजिक पूँजी अभिवृद्धि सम्भव हुन्छ । यसलाई सबै प्रकारका विकासको न्यूनतम आवश्यकताको रूपमा बुझ्नुपर्दछ ।

नेपाली समाजमा विश्वासको संकट रहेको सम्बन्धमा विभिन्न तथ्याङ्कले चित्रित गर्दै आएका छन् । खासगरी सार्वजनिक निकायहरू प्रतिको विश्वासको अवस्था अत्यन्तै चिन्ताजनक रहेको छ । १३७ देशमा सम्पन्न एक सर्वेक्षणमा जनताको राजनीतिप्रतिको विश्वासमा नेपाल १२१औं स्थानमा रहेको पाइएको छ । व्यक्तिगत, सामाजिक, राजनीतिक र विविध तहमा विश्वासको अवस्थामा समस्या छ । यस्तो अवस्था रहँदासम्म आर्थिक मात्रै होइन, सामाजिक र राजनीतिक विकासमा पनि हाम्रा कठिनाइहरू यथावत् रहने छन् ।

सामाजिक पूँजी अभिवृद्धि गर्न व्यक्तिरु-व्यक्ति, व्यक्ति र समूह, व्यक्ति र सरकार बीचको सम्बन्धको लेखाजोखा र त्यसको अवस्थाको आधारमा सम्बन्ध सुधारको रणनैतिक खाँचो छ । यसको लागि सामाजिक मूल्य र मान्यतालाई प्रभाव पार्ने क्षेत्रको बारेमा नागरिक शिक्षा लगायतका नीति र कार्यक्रमहरू आवश्यक हुन्छन् । अझ भनौं, राष्ट्रिय अभियान नै सञ्चालन गर्नुपर्दछ । यो सिलसिलमा समाजमा विकासलाई चौतर्फी रूपमा प्रोत्साहन गर्ने सकारात्मक र ऊर्जाशील वातावरण सिर्जना हुन्छ । जब भौतिक र मानवीय पूँजी सँगसँगै सामाजिक पूँजीको सन्तुलन हुन्छ, तब मात्रै गतिशील अर्थतन्त्र र आर्थिक विकास सम्भव हुन्छ ।

**उत्पादकत्व**

विश्व प्रतिस्पर्धात्मक क्षमता प्रतिवेदन २०१९ अनुसार नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमता अध्ययन गरिएका कुल १४१ देशमध्ये १०८औं स्थानमा रहेको छ । नेपालको अवस्था दक्षिणएशियामा पनि सबैभन्दा कमजोर रहेको छ । त्यस्तै सेन्सस एन्ड इकोनोमिक इन्फर्मेसन सेन्टरले प्रकाशन गरेको प्रतिवेदनले नेपालको श्रम उत्पादकत्व वृद्धिदर घट्दै गएको देखाएको छ । हालसालै विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदन अनुसार उस्तै अर्थतन्त्र भएका मुलुकको तुलनामा नेपालको श्रम उत्पादकत्व अत्यन्तै कमजोर रहेको छ ।

यसले प्रष्ट हुन्छ, हाम्रा नागरिक एवं श्रमिकहरूको प्रतिव्यक्ति उत्पादन क्षमता कमजोर छ । यो अवस्थालाई सुधार गर्न सकेनौं भने हामीले सोचेको आर्थिक विकास किमार्थ सम्भव छैन । जसरी युद्ध जित्न सीप र कौशलता भएको सिपाही आवश्यक हुन्छ, त्यसरी नै उत्पादनशील जनशक्ति विना विकास असम्भव हुन्छ । पछिल्लो जनगणनालाई आधार मान्दा नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको युवाको संख्या ४२.५६ प्रतिशत छ । यिनै युवा हाम्रा सम्पत्ति हुन् भनेर हामीले बेला मौकामा भाषण पनि गर्ने गरेका छौं । जब हाम्रो यो सम्पत्ति उत्पादक गहना बन्दछन्, नयाँ र समृद्ध नेपालको बुलेट रेलले पनि त्यही स्टेसनबाट द्रुत गतिको नयाँ यात्रा सुरु गर्दछ ।

उत्पादकत्वको बहसलाई युवा र उत्पादनमूलक उद्योगमा मात्रै सीमित राख्नु भने पक्कै हुँदैन । सेवा उद्योग सँगसँगै नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषिसम्म सबै क्षेत्रलाई समेट्नुपर्दछ । आज हामी विगत केही दशक शिक्षा, तालिम, अध्ययन र अनुसन्धान जस्ता विषयमा पर्याप्त ध्यान दिन नसक्दाका परिणाम भोग्दैछौं । तर त्यसो भन्दैमा अर्को उत्पादक पुस्ता उत्पादनसम्म कुरेर मात्रै बस्न भने पक्कै सक्दैनौं ।

अहिले देशभित्र श्रम गरिरहेको जनशक्तिलाई कसरी थप उत्पादक बनाउने भन्ने उपायहरूको अवलम्बनमा कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन । यसमा राज्यको प्रष्ट नीति, राज्य र निजी क्षेत्रको दृढ सहकार्य आवश्यक छ । खासगरी प्रविधिको प्रयोग मार्फत उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धिको एउटा नयाँ युगको सुरुवातको खाँचो छ, वर्तमान नेपाललाई । हाल विदेशमा रहेका उत्पादक जनशक्तिलाई नेपालमा भित्र्याएर पृथक् माहोलको सिर्जना गर्नेतर्फ हामी सबैको ध्यान जानु अत्यावश्यक छ । यो जनशक्तिसँग सामान्य सीप मात्रै होइन, हाल बसोबास गर्ने देशले कसरी आफ्ना नागरिकहरूलाई उत्पादक बनाउन सफल भए भन्ने अनुभव पनि सँगसँगै भित्र्याउनु आवश्यक छ ।

सन् १९५० देखि आर्थिक विकासमा सफल भएका देशहरूको एउटा विशेषतामध्ये समृद्ध देशमा बसोबास गर्ने आफ्ना नागरिकहरूलाई देश भित्र्याउन सफल हुनु पनि रहेको छ । हामीसँग यसको प्रष्ट खाका र रणनीति हुनुपर्दछ । राज्यका हरेक नीति र कार्यक्रमले यसलाई सम्बोधन गर्दै निजी क्षेत्रलाई त्यसतर्फ अभिप्रेरित गर्ने हो भने यो त्यस्तो भीमकाय जटिल विषय होइन । आर्थिक उन्नतिमा सफल भएका सबै देशले गर्दै आएको र हामीले कुनै दिन जानै पर्ने बाटो हो, अब ढिला नगरौं ।

अर्को महत्वपूर्ण विषय नेपालको भविष्य जनशक्ति उत्पादनसँग जोडिएको छ । धेरैले धेरै पटक घाँटी सुक्ने गरी उठाएको विषय शिक्षाको गुणस्तर अभिवृद्धिमा तात्विक सुधारको बारेमा दत्तचित्त भएर नलाग्ने हो भने हाम्रो अवस्था अहिलेको भन्दा पनि झन् नाजुक हुन् सक्दछ । शिक्षामा सुधार गर्दा कोरिया कोरिया भयो, सिंगापुर सिंगापुर बन्यो भनिरहने तर हाम्रो शिक्षाको गुणस्तर दिनदिनै खस्किने दुष्चक्रलाई तत्काल यहीं अन्त्य गर्नुपर्दछ ।

हाम्रा शिक्षाका तमाम समस्या छन् । त्यसमध्ये राज्यले प्राथमिकता दिएको क्षेत्रमा आगामी दिनमा कस्तो जनशक्ति आवाश्यक छ र त्यसको लागि देशभित्र रहेका शैक्षिक संस्थाहरूको भूमिका के हो भन्ने राष्ट्रिय रणनीतिको खाँचो नै समस्याको जड हो । तर दुर्भाग्यवश, अहिले पनि हाम्रो ध्यान त्यतातिर जान सकेको छैन ।

हामीलाई २, ५, १०, २०, ५०, १०० वर्षपछि कुन क्षेत्रमा, कस्तो र कति जनशक्ति आवश्यक छ र त्यसको तयारीको लागि हाम्रो औपचारिक एवं अनौपचारिक शिक्षा, अध्ययन र अनुसन्धानको राष्ट्रिय रणनीति तर्जुमा तथा आम सहमति सहित त्यसको तत्काल कार्यान्वयन गर्नुपर्दछ । यसको सहकार्यमा संघ, प्रदेश र स्थानीय तहले कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन ।

अब, उत्पादक नेपाली, उत्पादनमय नेपालको नयाँ अभियान सुरु गरौं ।

*(साभार: अनलाइनखबर)*

# विदेशिएका नेपालीलाई मतदान अधिकारको सवाल

✍ रितेश पन्थी

यही बैसाख १५ गते इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं. १ को लागि उपनिर्वाचन हुँदै छ । निर्वाचनलाई स्वच्छ, भयमुक्त, स्वतन्त्र र निष्पक्ष वातावरणमा सम्पन्न गर्न सधैंजसो निर्वाचन आयोग खटिएको छ ।

निर्वाचन आचारसंहिता लागिसकेको र चुनावको लागि चुनाव चिन्ह दिएको हुँदा सम्बन्धित ठाउँमा निर्वाचनको माहोल तातेको देखिन्छ । पार्टीहरुले आ-आफ्नो पार्टीको उम्मेदवार उठाएको हुँदा कसले जित्ला भन्ने कौतुहलता जागेको छ । जनताले कति इच्छुक भएर जागरुक भई मत हाल्छन् भन्ने पनि देख्नलायक होला । निर्वाचन आयोगका अनुसार एक वर्षअघि सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ६१ प्रतिशत मतदान भएको थियो । त्यसै गरी प्रत्येक समयजसो हाल पनि विदेशमा रहेका नेपालीको चुनावमा भोट हाल्न पाउने अधिकारको चर्चा गर्न खोजिएको छ ।

दिनहुँ हजारौं युवा रोजगारीको लागि देश छोड्नुपर्ने बाध्यता र कटु यथार्थका बीच उनीहरुले देशमात्र होइन देशको संरक्षण र संविधानप्रदत्त हक पनि यहीं छोडेर जान्छन् । विदेशमा भएका नेपालीहरुलाई मतदान अधिकार दिनुपर्छ भन्ने आवाज एक वर्षअघि र त्योभन्दा अघिल्लो चुनाव २०७४ मा पनि उठेकै हो । विदेशिएका नेपालीलाई चुनावमा मतदान गर्न पाउने न्यूनतम सुविधाबाट राज्यले वञ्चित पार्नुहुँदैन । यसै सन्दर्भमा यस लेखमा मतदान अधिकार किन महत्वपूर्ण, सर्वोच्च अदालतको आदेश र भए/गरेका प्रयासहरुका सम्बन्धमा प्रकाश पार्न खोजिएको छ ।

**मतदान अधिकार किन महत्वपूर्ण ?**

जुन देशले प्रजातान्त्रिक अभ्यास गर्छौं भन्छ त्यो देशले विधिको शासन कायम गर्न र आवधिक निर्वाचन समयमै गर्न सक्नुपर्छ । निर्वाचनमा मत हाल्न पाउनु र आफूले रोजेको उम्मेदवारले काम गरेको हेर्न पाउनु सबैको रहर हुन्छ । लोकतान्त्रिक अभ्यास गर्न र नागरिकको मानवअधिकारको प्रत्याभूत गर्न निर्वाचन उपयुक्त माध्यम हो । जनता नै सर्वोच्च हुन् भन्ने व्यवस्थामा जनतालाई केन्द्रमा नराखेर गर्ने अभ्यास स्वत: औचित्यहीन हुन सक्छ । यसै गरी विभिन्न अन्तर्राष्ट्रिय कानुनले समेत नागरिकको मताधिकारको सम्बन्धमा व्यवस्था गरेको पाइन्छ ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ ले हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ । त्यसै गरी धारा २१(३) मा चुनावमार्फत जनताबाट व्यक्त हुने चाहना नै सरकारको आधिकारिकताको आधार हुने भनी उल्लेख गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९(२) मा र धारा २५ मा समेत नागरिकलाई स्वच्छ आवधिक निर्वाचनहरुमा मतदान गर्नबाट वञ्चित नगरिने भन्ने उल्लेख भएको छ । यसरी अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनले समेत यो कुरा सुनिश्चित गरेको छ ।

निर्वाचन आयोगका अनुसार २०७९ मा भएको चुनावमा हालसम्मकै कम मत खसेको भन्ने विवरण सार्वजनिक भएको थियो । यो प्रजातन्त्र पुनर्स्थापना भएयता भएका सातवटा चुनावमध्ये सबैभन्दा कम मत खसेको भन्ने छ । युवाहरुले देशमा अवसर नदेख्ने र देशभित्रकैले पनि निर्वाचनलाई एक पर्वको रुपमा लिएर सहभागी नहुनु भनेको नागरिकको राजनीतिक दलप्रतिको वितृष्णा र जनताको आशा मर्नुको सिवाय केही होइन । नागरिक सचेत भएको, जनसंख्याको लाभ भएको, युवाहरुको अधिक जनसंख्या भएको र साक्षरता दर बढिरहेको समयमा निर्वाचनप्रति आमजनता उत्साही नहुनु भनेको देशले गति नसमाएको भन्ने प्रस्ट संकेत त हो नै, आमजनता पनि खुशी नभएको संकेत हो ।

२०७० मंसिर ४ गते भएको चुनावमा ७८.७४ प्रतिशत जनताले उत्साहपूर्वक मतदान गरेको र त्यसैको फलस्वरूप २०७२ असोज ३ मा संविधान बनेको अवस्थामा त्यसपछिको चुनावमा भने उल्लेख्य प्रतिशत बढ्नुको सट्टा झन् घट्दो क्रममा छ । एमाले र माओवादी बाम गठबन्धन बनाएर चुनावमा होमिएका बेला २०७४ को मंसिर १० र २१ मा भएको चुनावमा ६८.६७ प्रतिशतले मतदान गरे भने २०७९ को वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा ६५.०७ प्रतिशत मतदान भएको पाइन्छ ।

मतदानमार्फत आफ्नो जनप्रतिनिधि छान्ने र सो जनप्रतिनिधिमार्फत आफ्नो गाउँ, ठाउँ, समाज र अन्ततोगत्वा राष्ट्रकै भलो, उन्नति र प्रगति गर्न जनता सक्षम हुन्छन् भन्ने मानिन्छ । लोकतन्त्र, विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त र जनताका मूल्यमान्यतालाई जीवित राख्न आवधिक निर्वाचन आवश्यक पर्ने हुन्छ ।

**सर्वोच्च अदालतको आदेश :**

२०७३ सालमा दर्ता भएको प्रेमचन्द्र राईविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको रिट निवेदनमा निवेदकले विदेशिएका नेपालीलाई मतदान अधिकार हुनुपर्ने भन्दै माग गरेका थिए । निवेदकका अनुसार ३५ लाखभन्दा बढी नेपाली नागरिक मतदानको अधिकारबाट वञ्चित भएको र विश्वमा ११४ भन्दा बढी राष्ट्रहरुले आफ्नो नागरिकलाई आफ्नो देशबाहिर बाट समेत मतदान गर्न सक्ने व्यवस्था गरेको भन्दै नेपाली नागरिकले संविधानको धारा १७(१) ले प्रत्याभूत गरेको वैयक्तिक स्वतन्त्रताको हक र १७ को २(क) ले प्रदान गरेको अभिव्यक्ति स्वतन्त्रताको हक र १८(१) ले गरेको समान संरक्षणको हकबाट वञ्चित भएको जिकिर गरेका थिए । उनले मुलुकबाहिरै सबै तहको निर्वाचनमा मतदान गर्नको लागि आवश्यक पर्ने जो चाहिने स्रोतसाधनसहित पूर्वाधारको व्यवस्था गरी ती नागरिकलाई मतदान कार्यमा सहभागी हुन अवसर प्रदान गर्न आदेश जारी गरिपाऊँ भनेका थिए ।

सर्वोच्चले आवधिक निर्वाचन र बालिग मताधिकार कुनै पनि लोकतान्त्रिक प्रणालीको आधारभूत सर्त हो । नागरिकको मतदान गर्न पाउने अधिकार विचार र अभिव्यक्तिको स्वतन्त्रतासँग पनि जोडिएको र संवैधानिक हक हो । सर्वोच्चले आफ्नो नजिर विकास लकाईं खड्कासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसमेत भएको उत्प्रेषण मुद्दामा जबसम्म जनताले मतमार्फत आफ्नो इच्छा व्यक्त गर्न पाउने अवस्था सिर्जना हुँदैन तबसम्म मतदान गर्ने अधिकार जनतामा निहित हुनु वा नहुनुले कुनै तात्विक महत्व राख्दैन र निर्वाचनको परिणाममा जनताको इच्छा वास्तविकरुपमा प्रतिविम्बित पनि हुँदैन भन्ने प्रस्ट पार्छ भनेको छ । सर्वोच्चले नागरिकलाई भयर हित ढंगले भेदभावविना सबै नागरिकलाई मतदान अधिकारको उपयोग गर्ने अवसर प्रदान गर्नु राज्यको कर्तव्य हुने भन्छ ।

सर्वोच्चले नेपालको संविधानको धारा ८४(५) ले सबै नेपाली नागरिकलाई मतदान गर्ने अधिकार दिएको स्पष्ट पार्दै वैदेशिक रोजगारको क्रममा देशबाहिर रहेको नागरिकलाई यो अवसर प्रदान नगर्नु समानताको अधिकारको विपरीत हुने भन्छ । विदेशबाट आएको रेमिट्यान्सले राज्य लाभान्वित हुने तर उनीहरुलाई मतदानको अधिकारबाट वञ्चित गर्ने काम न्यायिक नभएको भन्दै सर्वोच्चले विभिन्न विधिमार्फत विदेशिएका नेपालीलाई निर्वाचनमा समेट्न सकिने र व्यावहारिक रुपमा कार्यान्वयन गर्न सकिने भनेको छ । अन्त्यमा, निर्वाचनमा मतदान गर्न पाउने नागरिकको मानवअधिकार र संवैधानिक अधिकार भए तापनि आवश्यक पूर्वाधार र कानुनको कमीले व्यावहारिक रुपमा तत्कालै परमादेश जारी गर्न सकिने आधार नभएको भन्दै रिट भने खारेज गरिदिन्छ ।

**भए/गरेका प्रयासहरु :**

सर्वोच्चले २०७४ चैत्र १७ मा विदेशमा रहेका नेपालीको वास्तविक लगत संकलन गर्न दर्ता प्रक्रिया अविलम्ब शुरु गरी आउँदो निर्वाचनसम्म विदेशमा रहेका नेपालीलाई मतदानमा सहभागी हुन सक्ने वातावरण मिलाउनु भनिए तापनि हालसम्म कुनै चासो देखाइएको छैन । सोपश्चात् २०७९ मा निर्वाचन भइसक्यो र हाल उपनिर्वाचनको संघारमा आइसक्दासमेत सरकारको तदारुकता देखिएन । विदेशका नेपालीको भोटले कतै आफ्नो ओरालो यात्रा तय हुने हो कि भन्ने भयले होला यसबीचमा न कानुन बन्यो, न त मतदान गर्ने प्रारुपमा नै कुनै उपलब्धि भए । यो सरासर अदालतको अवहेलना हो । निर्वाचन आयोगले विदेशमा बस्ने नेपालीको पनि मतदाता नामावली संकलन गर्ने गृहकार्य अघि बढाएको र सो सम्बन्धी कार्यविधी सरकारलाई बुझाइसकेको भन्ने समाचारले केही आशा पलाएको भने छ ।

राजनीतिक दलहरुले पनि विदेशमा रहेका नेपालीलाई भोटिङ राइट्स दिन आफूहरु प्रतिबद्ध रहेको भनेका छन् । निर्वाचनसम्बन्धी नयाँ कानुनमा विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका नेपालीलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा उक्त देशबाटै मतदान गर्न पाउने व्यवस्था मिलाएको तर दफा २०४ (२) अनुसार प्रतिनिधिसभाको समानुपातिक निर्वाचनमा मात्र मत हाल्न पाउने भनिएको छ, जुन अलिक उचित भने सुनिएन । मतदान अधिकार दिएपश्चात् मन परेको उम्मेदवारलाई दिन नपाउने भए त्यसको अर्थ कहाँ रहन्छ भन्ने प्रश्न पनि छ ।

निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकहरुलाई मतदानको अवसर प्रदान गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी सन् २०१४ मा प्रतिवेदन तयार गरेको थियो । सो प्रतिवेदनमा मतदान गर्नको लागि आवश्यक योग्यता, विदेशमा रहेका नागरिकहरुको दर्ता प्रक्रियाका विभिन्न विधिहरु, मतदान गर्नको लागि प्रयोग गर्न सकिने विधिहरु तथा विभिन्न प्राविधिक कुराहरुको सम्बन्धमा समेत लेखिएको भन्ने छ ।


विदेशका विभिन्न राष्ट्रले अपनाएका विभिन्न विधिहरु जस्तै- इन्टरनेटमा आधारित मतदान, विदेशमा रहेका नागरिकले प्रतिनिधि नियुक्ति गरी, विदेशस्थित राजदूतावास वा कन्सुलरको कार्यलयमा व्यवस्थापन गरी वा हुलाकमार्फत वा निज रहेको ठाउँमै मतदान केन्द्रको व्यवस्था गरी सोही स्थानमा मत खसाल्ने व्यवस्था गर्न सकिन्छ । सरकार र राजनीतिक दलले विदेशमा रहेका नेपालीलाई न्याय गर्न ढिलाइ गर्नुहुँदैन ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बढ्न सकेन बीमा व्यवसाय, मोटर र सम्पत्ति बीमाकै भर

काठमाडौं/अर्थतन्त्रमा देखिएको सुस्तताको प्रभाव बीमा व्यवसायमा देखिएको छ । चालु आर्थिक वर्ष (आव) २०८०/८१ तेस्रो त्रैमाससम्म निर्जीवन बीमा कम्पनीले ३० अर्ब १५ करोड ३० लाख रुपैयाँबराबर बीमा शुल्क आर्जन गरेका छन् । यो २२ लाख ६२ हजार ३ सय २६ बीमालेखबाट संकलन भएको हो ।

गत आव सोही अवधिमा निर्जीवन बिमा कम्पनीले २१ लाख ६६ हजार २ सय २८ बीमालेख जारी गरी ३० अर्ब १ करोड ४८ लाख आर्जन गरेका थिए । चालु आव चार नयाँ लघु निर्जीवन बीमा कम्पनी पनि सञ्चालनमा आएकाले लघु बीमाले ६८ हजार ७७ बीमालेख जारी गरेर १५ करोड ५३ लाख संकलन गरेका छन् ।




लघु बीमाबाहेक पुराना निर्जीवन बीमा कम्पनीले आर्जन गरेको शुल्क गत वर्षको तुलनामा घटेको हो । चालु आव तेस्रो त्रैमाससम्म निर्जीवन बीमा कम्पनीले भने २९ अर्ब ९९ करोड ७७ लाख आर्जन गरेका छन् । जुन गत आव सोही अवधिको तुलनामा कम हो ।

चैतसम्म लघु बीमालेख ८५ हजार ८ सय १० वटा जारी हुँदा १७ करोड २ लाख प्रिमियम संकलन भएको नेपाल बीमा प्राधिकरणले जनाएको छ । चैत २०८० मा मात्रै निर्जीवन बीमा कम्पनीले २ लाख ७६ हजार ८ सय ८१ बीमालेख जारी गर्दा ३ अर्ब ८३ करोड २६ लाख रुपैयाँ संकलन भएको हो । जसमध्ये २६ हजार ९ सय १२ लघु बीमालेख जारी हुँदा ५ करोड २६ लाख संकलन भएको छ ।

**बीमा शुल्क आर्जनमा शिखर इन्स्योरेन्सको अग्रता**

मर्जर भएको कम्पनीलाई पछाडि छाड्दै शिखर इन्स्योरेन्सले सबैभन्दा धेरै बीमा शुल्क आर्जन गरेको छ । कम्पनीले तेस्रो त्रैमाससम्म २ लाख ४२ हजार बीमालेख जारी गरी ४ अर्ब २३ करोड आर्जन गरेको छ । यस्तै सगरमाथा लुम्बिनी इन्स्योरेन्सले २ लाख २४ हजार बीमालेख जारी गरी ३ अर्ब ५३ करोड आर्जन गरेको प्राधिकरणले जनाएको छ ।

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले २ लाख ३३ हजार बीमालेख जारी गरी २ अर्ब ८९ करोड संकलन गरेको छ । चैतसम्म सबैभन्दा कम बीमा शुल्क आर्जन गर्नेमा नेसनल इन्स्योरेन्स छ । यसले २६ हजार बीमालेख जारी गरेर ८७ करोड संकलन गरेको छ । यस्तै नेपाल इन्स्योरेन्सले १ लाख ५६ हजार बीमालेख जारी गरी १ अर्ब १५ करोड र राष्ट्रिय बीमा कम्पनीले १ लाख ५७ हजार बीमालेख जारी गरी १ अर्ब ३१ करोड आर्जन गरेको छन् ।

नेसनलपछि कम बीमा शुल्क जारी गर्नेमा दि ओरिएन्टल इन्स्योरेन्स छ । जसले ३२ हजार बीमालेख जारी गरेर १ अर्ब ५२ करोड आर्जन गरेको छ । नयाँ सञ्चालनमा आएको लघुबीमा कम्पनीमा नेपाल माइक्रो इन्स्योरेन्सले ३३ हजार ७ सय ४ बीमालेख जारी गरेर ६ करोड ६३ लाख प्रिमियम संकलन गरेको छ ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले १५ हजार ६ सय २३ बीमालेख जारी गरेर ४ करोड ९८ लाख, स्टार माइक्रो इन्स्योरेन्सले १६ हजार ६ सय ६८ बीमालेखबाट ३ करोड २९ लाख र ट्रस्ट माइक्रो इन्स्योरेन्सले २ हजार ७ सय ६६ बीमालेख जारी गरी ६४ लाख रुपैयाँ प्रिमियम संकलन गरेको छ ।

**दुई तिहाइ व्यवसाय बागमतीमा**

निर्जीवन बीमा कम्पनीले आर्जन गर्ने बीमा शुल्कमध्ये दुई तिहाइ हिस्सा बागमती प्रदेशको रहेको बीमा प्राधिकरण तथ्यांकले देखाउँछ । चैत मसान्तसम्म आर्जन गरेको कुल बीमा शुल्कमा ६५.४४ प्रतिशत हिस्सा बागमती प्रदेशको छ । सञ्चालनमा रहेको निर्जीवन बीमा कम्पनीले बागमती प्रदेशमा ९ लाख ७३ हजार १ सय ७३ बीमालेखबाट १९ अर्ब ७३ करोड ३१ लाख संकलन भएको छ । बागमती प्रदेशमा जारी भएको बीमालेख चैतसम्म जारी भएको कुल बीमालेखको ४३.०२ प्रतिशत हो ।

यस्तै सबैभन्दा सानो हिस्सा रहेको कर्णाली प्रदेशमा १.९५ प्रतिशत मात्रै बीमाशुल्क संकलन भएको छ । कर्णालीमा ४६ हजार ८ सय २ बीमालेखबाट ५८ करोड ६९ लाख संकलन भएको छ ।

त्यस्तै कोसी प्रदेशमा २ लाख ८६ हजार २ सय ६९ बीमालेख जारी हुँदा २ अर्ब ६५ करोड ३८ लाख संकलन भएको छ । यो कुल बीमा शुल्कको ८.८० प्रतिशत हो । मधेश प्रदेशमा २ लाख ३८ हजार ३ सय ४१ बीमालेखबाट १ अर्ब ९९ करोड २९ लाख संकलन भएको छ । जुन कुल बीमा शुल्कको ६.६१ प्रतिशत हो ।

यसैगरी गण्डकी प्रदेशमा २ लाख ३५ हजार ९ सय ७१ बीमालेख जारी हुँदा १ अर्ब ६७ करोड ६ लाख संकलन भएको छ । जुन कुल बीमा शुल्कको ५.५४ प्रतिशत हो । लुम्बिनी प्रदेशमा बागमतीपछिकै धेरै ३ लाख ६५ हजार ७ सय ७ बीमालेख जारी भई २ अर्ब ७२ करोड ८६ लाख संकलन भएको छ । जुन कुल बीमा शुल्कको ९.०५ प्रतिशत हो । सुदुरपश्चिम प्रदेशमा १ लाख १६ हजार ६३ बीमालेख जारी भई ७८ करोड ७५ लाख संकलन भएको छ । जुन कुल बीमाशुल्कको २.६१ प्रतिशत हो ।

**सम्पत्ति र मोटर बीमाले धानेको निर्जीवन बीमा व्यवसाय**

निर्जीवन बीमा व्यवसाय सम्पत्ति र मोटर बीमामा निर्भर देखिएको छ । मोटर बीमामा तेस्रो पक्ष बीमा अनिवार्य छ भने ऋणमा निकालेको गाडीको पनि बीमा अनिवार्य भएकाले मोटर बीमा व्यवसाय उच्च देखिन्छ । चालु आव चैतसमम बीमा कम्पनीले मोटर बीमालेख जारी गरेर ९ अर्ब २८ करोड ९२ लाख संकलन गरेका छन् । जुन कुल बीमा शुल्कको ३०.८१ प्रतिशत हो ।

यस्तै सम्पत्ति बीमालेखबाट ७ अर्ब ४२ करोड ७१ लाख संकलन भएको छ । जुन कुल बीमाशुल्कको २४.६३ प्रतिशत हो । निर्जीवन बीमा कम्पनीको व्यवसायमा मोटर र सम्पत्ति बीमाको हिस्सा मात्रै ५५ प्रतिशतभन्दा माथि देखिन्छ । यस्तै सामुद्रिक बीमालेखबाट १ अर्ब ४७ करोड ४१ लाख अर्थात् ४.८९ प्रतिशत बीमाशुल्क संकलन हुँदा हवाई बीमालेखबाट १ अर्ब ९७ करोड ८३ लाख अर्थात् ६.५६ प्रतिशत बीमालेख संकलन भएको छ ।

इन्जिनियरिङ तथा ठेक्का जोखिम बीमाबाट ४ अर्ब ७५ करोड ११ लाख आर्जन भएको छ । जुन कुल बीमाशुल्कको १५.७६ प्रतिशत हो । त्यस्तै विविध बीमालेखबाट ११.२३ प्रतिशतले हुने ३ अर्ब ३८ करोड ६६ लाख र कृषि तथा बाली बीमालेख मार्फत ५.५६ प्रतिशतले हुने १ अर्ब ६७ करोड ६२ लाख संकलन भएको छ । लघु बीमालेख जारी गरेर १७ करोड २ लाख बीमाशुल्क संकलन भएको छ । जुन कुल बीमाशुल्कको ०.५६ प्रतिशत हो ।

*(स्रोत: अनलाइनखबर)*

# फरक शैलीमा 'मनसरा'को प्रचार, पूर्वमा कविता सुनाउँदै उपेन्द्र

काठमाडौं/नेपाली फिल्ममा फरक र पृथक प्रचार शैलीको खडेरी नै छ । लगभग हरेक फिल्मले एउटै प्रचार शैली अपनाइ रहेका हुन्छन् । कि कुनै प्रतियोगिता घोषणा कि त पत्रकार भेटघाट, यत्तिमै सीमित हुन्छ । जसले गर्दा फिल्मप्रति दर्शकको आकर्षण पनि खासै बढ्न सकेको देखिँदैन । यही बैशाख २१ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'मनसरा'ले भने प्रचारमा फरक शैली अपनाएको छ ।



यतिबेला फिल्मको टिमले देशव्यापी 'कविता कन्सर्ट' गरिरहेको छ । फिल्मका निर्देशक उपेन्द्र सुब्बा आफैं नामचिन कवि भएकाले कन्सर्ट अझ विशेष बनेको छ । पूर्वको बिर्तामोडबाट सुरु भएको कन्सर्ट इटहरी पुगेर सकिनेछ । बुधबार बिर्तामोडको क्यूएफएक्स हलमा साहित्यिक माहोल बनेको थियो । त्यहाँ कवि सुब्बाले आफ्ना आधा दर्जन कविता सुनाए । र, 'मनसरा' हेर्न निम्तो पनि दिए ।

कार्यक्रममा अभिनेत्री मिरुना मगरले आफ्नी आमाले लेखेको एउटा कविता सुनाएकी थिइन् भने कलाकारहरु मेनुका प्रधान, प्रवीण खतिवडा र जीवन बरालले कवि सुब्बाका कविता वाचन गरेका थिए । बुधबार बिर्तामोडसँगै उर्लाबारीमा पनि कन्सर्ट गरियो । अब बैशाख १३ गते दमक र धरानमा र बैशाख १४ गते इटहरी र बेलबारीमा 'कविता कन्सर्ट' हुने निर्माता शैलेन्द्र ध्वज कार्कीले बताए ।

अन्तरजातीय सम्बन्धको कथामा बनेको 'मनसरा'मा मिरुना, मेनुका, प्रवीण, जीवनका साथै दयाहाङ राई, हेमन्त बुढाथोकी, शान्ति गिरी, नेनहान राई लगायतको अभिनय छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मलाई निर्माता कार्की आफैंले छायांकन गरेका हुन् । फिल्मको सह-निर्मातामा भने विष्ण कुमार लिम्बु मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ छन् ।

# 'भाइरल गोर्खे'मा ऋषि धमलाले अभिनय गर्ने

काठमाडौं/चर्चित पत्रकार ऋषि धमलाले फिल्म अभिनयमा कमब्याक गर्ने भएका छन् । सन् २०१६ मा आएको फिल्म 'हाउ फन्नी'मा पहिलोपटक काम गरेका उनले अब फिल्म 'भाइरल गोर्खे'मा अभिनय गर्न लागेका हुन् । उनीसँग बिहीबार निर्माताले कागजी सम्झौता गरेका छन् । फिल्ममा धमलाले पत्रकारकै भूमिका निर्वाह गर्ने निर्देशक निगम श्रेष्ठले जानकारी गराए ।



निगम भन्छन्, 'पत्रकारको भूमिका हामीले ऋषि सरकै लागि भनेर लेखेका थियौं । त्यसमा उहाँबाहेक अरुलाई सुहाउँदै सुहाउँदैन । उहाँले पनि भूमिका मन पराएर काम गर्न तयार हुनुभयो । फिल्ममा उहाँको अर्थपूर्ण उपस्थिति रहनेछ ।' धमला फिल्मको छायांकनका लागि बैशाख तेस्रो साता लमजुङस्थित भुजुङ गाउँ जाने जनाइएको छ । त्यहाँ उनको एक दिनको छायांकन हुनेछ ।

फिल्ममा सौगात मल्ल, लक्ष्मी गिरी, सृष्टि श्रेष्ठ, बुद्धि तामाङ लगायतको मुख्य भूमिका छ । ब्रेकअपपछि पहिलोपटक सौगात र सृष्टि फिल्ममा एकसाथ देखिन लागेका हुन् । केही दिनदेखि भुजुङ गाउँमा फिल्मको छायांकन भइरहेको छ । यसपछि गोरखा र चितवनमा छायांकन गरिनेछ ।

विशाल ताम्राकार र महेश लामिछानेको संयुक्त निर्माण रहेको फिल्मले सामाजिक सञ्जालमा भाइरल हुन जस्तोसुकै हर्कत गर्ने पात्र (सौगात मल्ल)को कथा भन्नेछ । र, त्यो पात्रको अन्तर्वार्ता पत्रकार धमलाले लिनेछन् । द जिएमआई एकेडेमी र निर्भना फिल्म स्कुलको निर्माण रहेको फिल्मको छायाँकारमा अमर महर्जन छन् ।

# आरिफलाई टी-२० मा अस्वाभाविक मौका

काठमाडौं/नेपालले अर्को महिना अमेरिका र वेस्टइन्डिजमा गएर टी-२० विश्वकप खेल्दैछ । त्यसको तयारीका लागि पर्सि शनिबारदेखि घरेलु मैदानमा बलियो वेस्टइन्डिज एविरुद्ध पाँच खेलको टी-२० सिरिज खेल्दैछ । वेष्टइण्डिज ए टिम बुधबार काठमाडौं आइसक्यो भने नेपालले बिहीबार १६ सदस्यीय टोली घोषणा गरेको छ । एसीसी प्रिमियर कप खेलेको टोलीलाई निरन्तरता दिएर बलिङतर्फ आकाश चन्द र ब्याटिङतर्फ आरिफ शेखलाई समेटिएको छ ।



बलिङतर्फ तीव्र गतिका बलर कमल सिंह ऐरीलाई नसमेट्नु जति अस्वाभाविक छ, ब्याटिङतर्फ आरिफ शेख त्यति नै अस्वाभाविक रूपमा टोलीमा समेटिएका छन् । आरिफले ३० टी-२० आई इनिङमा ब्याटिङ गर्दै १०९.०७ को स्ट्राइक रेटमा ४९३ रन जोडेका छन् । सन् २०२२ अगष्टमा केन्या भ्रमणपछि आरिफ टी-२० टोलीबाट बाहिर थिए । गत मार्चमा टीयूमा त्रिकोणात्मक टी-२० आई सिरिजमा नेदरल्यान्डस् र नामिबियाबाट पुनरागमन गरे ।

तर नेदरल्यान्डसविरुद्ध एक खेलमा ब्याटिङको पालो नआउँदा अर्कोमा खाता खोल्न सकेनन् । नामिबियाविरुद्ध २४ बलमा ४ चौकासहित ३१ रन जोडेका थिए । ३० यार्ड कटाउन संघर्ष गरेका उनको नाममा बनेको चार चौकामध्ये एउटा मिस फिल्डका कारण बनेको थियो भने अर्को टप एज लागेको थियो । आरिफ हङकङ टुर गए । उनले हङकङविरुद्ध २१ बलमा ४ चौका र २ छक्कासहित ३८ रन जोडेका थिए भने पपुवा न्युगिनीसँग ४ र १५ रन आउट भए । कमजोर प्रदर्शनका कारण ओमानमा भएको एसीसी प्रिमियर कपमा पर्न सकेका थिएनन् ।

त्यसपछि उनले आयरल्यान्ड एसँग खेले । एक दिवसीयको दुवै खेलमा शून्यमा आउट भए । आयरल्यान्ड ए सँग पहिलो टी-२० खेलमा ४९, दोस्रोमा १४ र तेस्रो खेलमा ४८ बलमा ७ चौका र ६ छक्कासहित ९३ रन बनाएका थिए । त्यहीं प्रदर्शनका आधारमा टोलीमा बोलाइएको छ । नेपालका मुख्य छनोटकर्ता दीपेन्द्र चौधरी आरिफ चौथोदेखि सातौं नम्बरसम्म जहाँ पनि फिट हुनसक्ने बताउँछन् । जबकि यो स्थामा अवस्था अनुसार कप्तान रोहितकुमार पौडेल, सन्दीप जोरा, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी र गुल्शन झा खेल्दै आएका छन् ।

टी-२० क्रिकेटमा तेस्रो नम्बरमा खेल्ने ब्याटरको भूमिका इनिङ विकास गर्ने हुन्छ, अन्यको क्लिन हिट नै हो । नेपाली टिममा पछिल्लो समय तेस्रो नम्बरमा रोहित आफैंले खेल्ने गरेका छन् । रोहित र आरिफ दुवै टी-२० को प्लेइङ-११ मा पर्ने कम सम्भावना रहन्छ । त्यसो भए आरिफलाई किन टिममा राखियो त ? भन्ने प्रश्नमा प्रमुख छनोटकर्ता चौधरीले आयरल्यान्ड ए सँग लगभग १८० को स्ट्राइकरेटमा रन बनाएको जिकिर गरे ।

एकै खेलको प्रदर्शन हेर्ने हो भने आयरल्यान्ड ए सँग ओपनर लोकेश बमले ५६ बलमा ९ चौका र ८ छक्कासहित १०६ रनको शतकीय इनिङ खेलेका थिए । लोकेश ओपनिङ, मध्यक्रम र तल्लोक्रम कुनै पनि भूमिकामा खेल्न सक्छन् । उनी पार्टटाइम विकेटकिपर पनि भएकाले ओपनर आसिफ शेखको राम्रो विकल्प हुन सक्छन् ।

लगातार तीन खेलमा शून्यमा आउट भएका कुशल भुर्तेलको विकल्प पनि हुन सक्छन् । किनकि उनले पावर प्लेको फाइदा उठाउँदै सानदार सुरुवात दिलाउन सक्छन् । तर प्रमुख खेलाडीहरूलाई निरन्तरता दिने भनेर लोकेशलाई वेष्टइण्डिज एसँग हुने सिरिजमा अवसर लिइएन । छनोटकर्ता चौधरीले भने, 'अहिले हामी परिवर्तन दिन गर्न सक्थ्यौं, तर विश्वकप छनोटको मुखमा प्रमुख खेलाडीलाई हामी निरन्तरता दिँदै कन्फिडेन्स दिनेमा गयौं ।'

अनि ब्याटिङको ब्याकअपका रूपमा अनिलकुमार साहसँगै अरिफ शेखलाई टिममा राखिएको छ । प्रिमियर कपम ओपनर कुशल भुर्तेल लगातार तीन खेलमा डक आउट हुँदा समेत नेपालले अनिल साहको विकल्प प्रयोग गरेको थिएन ।

प्रमुख छनोटकर्ता चौधरी, आरिफले नेपालका फ्रेन्चाइ लिगहरूमा पनि राम्रो स्ट्राइक रेटमा रन बनाएको बताए । तर उनले कुनै पनि फ्रेन्चाइज लिगमा १३२ माथिको स्ट्राइक रेटमा रन जोड्न सकेका छैनन् । २०२१ को एभरेष्ट प्रिमियर लिग (ईपीएल) मा आरिफले ५ खेलमा १०७.५७ को स्ट्राइक रेटमा ७१ तथा २०२२ मा नेपाल टी-२० लिगमा ८ खेलमा ६९.२३ स्ट्राइक रेटमा ५४ रन बनाउन सकेका थिए । २०१६ को ईपीएलमा पञ्चकन्या तेजबाट खेल्दै ४ इनिङमा १२७.१६ को स्ट्राइक रेटमा १०३, २०१७ को ईपीएलमा भैरहवाबाट ८ खेलमा ११७.६१ को स्ट्राइक रेटमा १८७ र २०१८ को ईपीएलमा आरिफले ८ खेलमा ८०.२३ को स्ट्राइक रेटमा ६९ रन बनाएका थिए ।

धनगढी प्रिमियर लिग २०१७ देखि २०१९ सम्म तीन संस्करणमा उनले १८ खेलमा ९८.५६ को स्ट्राइक रेटमा २७५ तथा पोखरा प्रिमियर लिग २०१८/२०१९ को दुई संस्करणमा १३ खेलमा १३१.४२ को स्ट्राइक रेटमा २३० रन बनाएका थिए । २०२३ केपी ओली कप टी-२० मा २ खेल खेलेका उनले ८ रन बनाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# कांग्रेस नेता अफताब आलमसहित ४ जनालाई जन्मकैदको सजाय

रौतहट/जिल्ला अदालत रौतहटले २०६४ साल चैतमा भएको एक घटनामा दोषी ठहर गर्दै नेपाली कांग्रेसका नेता मोहम्मद अफताब आलमसहित ४ जनालाई जन्मकैदको सजाय सुनाएको छ । बिहीबार न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलम, उनका भाइ महताब आलम, शेष सेराज भन्ने शेष सराज र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाएको श्रेस्तेदार उद्धव ढोडारीले जानकारी दिए ।

रौतहटको राजपुरमा २०६४ चैत २७ गते रौतहटको राजपुरमा बम बिस्फोटमा घाइते भएकाहरुलाई इँटाभट्टामा हालेर हत्या गरेको आरोपमा उनलाई अदालतले सजाय सुनाएको हो । उनीहरुले घटना भएको समयमा प्रचलित मुलुकी ऐन २०२० अनुसार जन्मकैद अर्थात २० वर्षको सजाय पाएका छन् ।

त्यस्तै मुक्ति साहले सफाइ पाएका छन् भने मोहम्मद मोविन, शेष फजल, शेष भदै, सागिर आलम, गौरीशंकर साह र शेष मालाकार फरार रहेकाले उनीहरुको हकमा मुद्दा मुल्तवीमा राखिएको श्रेस्तेदार ढोडारीले जानकारी दिए ।

**के हो राजपुर बम बिस्फोटको घटना ?**

पहिलो संविधानसभाको चुनावको अघिल्लो दिन रौतहटको राजपुरस्थित अफताब आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेहरुलाई जिउदै इँटाभट्टामा जलाएर हत्या गरिएको थियो ।

प्रत्यक्षदर्शीहरुका अनुसार, त्यसक्रममा केही घाइतेहरु आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरुसँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हाली जलाएको प्रत्यक्षदर्शीको बयान थियो । घटनापछि प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दिएका थिए । ३० असार, २०६५ मा तत्कालिन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । उनको निर्णयमा भनिएको थियो, 'मारिएका भनिएका व्यक्तिहरुको मृत्यु भएको भन्ने यकिन हुन नसकेको साथै उनीहरुको मृत्यु कर्तव्यबाट हुन गएको भन्ने पुष्टि हुन सकेको नदेखिएको ।'

बम काण्डमा मृत्यु भएका ओसी अख्तरकी आमा रुक्सनाको समेत गोली हानी हत्या भएको थियो । २०६७ माघ ८ गते साँझ दुर्गाभगवती गाउँपालिकास्थित माइतीबाट आफ्नो घर आउँदै गर्दा गौडा कुरेर बसेका हतियारधारी समूहले रुक्सनाको गोली हानी हत्या गरेको थियो । उक्त घटनामाथि अहिलेसम्म अनुसन्धान भएको छैन ।

किटानी जाहेरी, घटनास्थलको प्रकृति मुचुल्का, तत्काल मौकामा बुझिएका शेख सराजुल मियाँ र ओहिद मियाँको कागज, मानव अधिकार आयोग लगायतका निकायहरुको प्रतिवेदनका आधारमा विस्फोटको घटना सार्वजनिक हुने डरले बम बिस्फोटका घाइतेलाई इँटाभट्टामा जलाई हत्या गरेको घटना पुष्टि हुने विवरणहरु थियो । आलममाथि राज्यको सुरक्षा बलको सहयोग लिई शव बेपत्ता पारेको भन्ने आरोप समेत थियो ।

आलम विरुद्धको जाहेरी लामो समयसम्म कारवाही नभई त्यत्तिकै रह्यो । पीडितहरुले अनुसन्धान अघि बढाउन माग राखी सर्वोच्च अदालतमा निवेदन दिए । न्यायाधीशद्वय सुशीला कार्की र डा. भरतबहादुर कार्कीको इजलासले केही न केही प्रमाण भेटिएको अवस्थामा महान्यायाधिवक्ताले स्वेच्छाचारी निर्णय गर्न नहुने फैसला गरेका थिए ।

फैसलामा भनिएको थियो, 'पीडित आफैं घटनाको व्यहोरा सहित प्रहरीमा किटानी उजुर गर्दा समेत प्रहरी र सरकारी वकिलले मुद्दा हेर्ने अदालतमा मुद्दा नचलाउदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट बञ्चित हुन पुग्छ ।'

सर्वोच्च अदालतको आदेशपछि १९ असोज २०७६ मा प्रहरीले रौतहट क्षेत्र नं. २ का तत्कालिन सांसदसमेत रहेका आलम पक्राउ परेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'बोक्सीको घर' प्रिमियरमा केकी र सुपलाको तारिफ

काठमाडौं/यही शुक्रबार (बैशाख १४ गते)देखि प्रदर्शन हुन लागेको फिल्म 'बोक्सीको घर'ले प्रिमियरमा अब्बल प्रतिक्रिया पाएको छ । बुधबार साँझ सुन्धारास्थित सिटिसी मलको क्यूएफएक्स हलमा आयोजना गरिएको प्रिमियरमा विशेषगरी अभिनेत्री केकी अधिकारी र बाल कलाकार सुपला सापकोटाको अभिनयको प्रशंसा भयो । कथा वस्तुदेखि निर्देशन पक्षको प्रशंसामा पनि धेरैले शब्द खर्चिएका थिए ।



अभिनेत्री स्वस्तिमा खड्काले आफू केकीको ठूलो फ्यान रहेको बताउँदै फिल्म हेर्दा मज्जा आएको प्रतिक्रिया दिइन् । 'नढाँटी भन्दा फिल्मको कथासँग कनेक्ट हुन सकिन्न कि भन्ने लागिरहेको थियो । तर, फिल्म सलल बगेको छ । पूरै बाँधेर राख्छ । साँच्चै मज्जा आयो,' उनले भनिन्, 'हरेकचोटी केकी दिदी पर्दामा देखिँदा 'गुजबम्पस्' हुन्थ्यो । बच्चा (सुपला)ले साह्रै राम्रो काम गर्नुभएको छ ।'

फिल्मका लागि 'बुझिनँ मैले' गीत तयार पारेका गायक प्रकाश सपूतले पनि मुक्तकण्ठले प्रशंसा गरे । 'केही वर्षदेखि मैले फिल्मको स्क्रिप्ट पढिरहेको छु । पेपरमा फिल्म दामी हुन्छ तर, पर्दामा त्यो किन आउँदैन भन्ने लाग्थ्यो । यो फिल्मको मैले स्क्रिप्ट पनि हेरेको थिएँ । त्योभन्दा राम्रोसित पर्दामा आएको छ । यति राम्रो फिल्मसँग म जोडिन पाएकोमा जीवनभर गर्व महसुस हुनेछ,' उनले भने ।

अभिनेता सलोन बस्नेतलाई निर्देशक (सुलक्षण भारती) आफ्नो 'भिजन'मा सफल भएका छन् भन्ने लाग्छ । उनी भन्छन्, 'उहाँले जुन 'भिजन' देखाउन खोज्नुभएको छ, त्यसमा धेरै सफल हुनुहुन्छ । फिल्म हेरुन्जेल बाँधेर राख्छ । सम्पादन, कलाकारहरुको अभिनय, ब्याकग्राउन्ड स्कोर उस्तै राम्रो छ ।' उनका पिता तथा निर्देशक शोभित बस्नेतले महिला दर्शकले एकपटक फिल्म हेर्नैपर्ने बताए ।

अभिनेत्री तथा उद्घोषक रीमा विश्वकर्माले फिल्मले आफूलाई धेरै कुरामा सोच्न बाध्य बनाएको धारणा राखेकी थिइन् । 'कति फिल्म म मेकिङको हिसाबले हेर्छु । कति फिल्मको प्रभाव भने लामो समय परिरहन्छ ।

मेरो लागि 'बोक्सीको घर' त्यस्तै फिल्म हो, जसले मलाई धेरै कुरामा सोच्न बाध्य बनायो,' उनले भनिन् । रीमाले केकीसहित सबै कलाकारको अभिनय उत्कृष्ट रहेको समेत बताइन् ।

त्यस्तै, चलचित्र विकास बोर्डका अध्यक्ष तथा अभिनेता भुवन केसीले फिल्ममा ठूलो सन्देश रहेको बताए । 'म फिल्म हेर्दा इमोसनल पनि भएँ । यो कथामा फिल्म बनाउन आँट गर्नु नै ठूलो कुरा हो,' उनले भने, 'फिल्म हेरुन्जेल समाजमा अझै पनि यस्तो हुने रहेछ भन्ने लाग्यो । फिल्मले धेरै ठूलो सन्देश दिएको छ ।' उनले यसप्रकारको फिल्मलाई बोर्डले पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

सुलक्षण भारतीको लेखन तथा निर्देशनमा बनेको फिल्मको बुधबारबाट बुकिङ समेत खुलिसकेको छ । फिल्मले मल्टीप्लेक्सहरुमा उत्साहजनक शोज पाएको छ । बोक्सी कुप्रथाको नाममा महिलामाथि हुने हिंसा र शोषणमा आधारित भएर बनेको फिल्ममा केकी र सुपलाका साथै श्वेच्छा राउत, सुलक्षण भारती, रमा थपलिया, सुष्मा निरौला, सबिन बास्तोला लगायतको पनि अभिनय रहेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीमा मन्त्रालय पुन: नेकपा एसको प्रमुख सर्त

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ बागमती प्रदेशमा एकीकृत समाजवादी मन्त्रालय पुन: विभाजनको मुद्दामा 'यूर्टन' भएको छ । यसअघि खानेपानी, उर्जा तथा सिंचाईं मन्त्रालय लिन सहमत भइसकेको एकीकृत समाजवादीले बिहीवार हेटौंडामा बसेको संसदीय दलको बैठकबाट मन्त्रालय पुन: विभाजन हुनुपर्ने पुरानै सर्त अगाडि सारेको हो ।



खानेपानी मन्त्रालय नेकपा एमालेसँग छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले खानेपानी मन्त्रालय लिन एकीकृत समाजवादीलाई प्रस्ताव गरेका थिए । चालू आर्थिक वर्ष २०८०/८१ मा ७ अर्ब ४८ करोड ६९ लाख ८३ हजार बजेट रहेको खानेपानी मन्त्रालय दिन एमाले सहमत नभएको नेताहरुको भनाई छ । एकीकृत समाजवादीले ठूलो बजेट हिस्साको मन्त्रालयमा दाबी गरिरहेको मुख्यमन्त्री निकट स्रोतले जानकारी दियो । समाजवादीले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी वा सामाजिक विकास मन्त्रालयमा एउटा दिनुपर्ने प्रस्ताव राखेको थियो ।

मन्त्रालय पुन:विभाजनको विकल्पमाथि अन्यकुनै विषयमा समझदारी हुननसक्ने नेकपा (एकीकृत समाजवादी) संसदीय दलको बैठकले निर्णय गरेको दलका नेता कृष्णप्रसाद शर्माखनालले जानकारी दिए । मन्त्रालय बाँडफाँडको विषयमा मुख्यमन्त्री जम्कट्टेल र एकीकृत समाजवादीबीच सरकार गठनदेखि नै हानथाप जारी छ । मन्त्रालय पुन: विभाजन नभई अगाडि नबढ्ने निर्णय गरेको नेता खनालले जानकारी दिए ।

नेकपा माओवादी केन्द्र, नेकपा एमाले, नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टी मिलेर बनेको सरकारमा १२ मन्त्रालय १३ जना मन्त्री छन् । माओवादीले मुख्यमन्त्रीसहित चार मन्त्रालय, एमालेले पाँच मन्त्रालय, एकीकृत समाजवादीले दुई र हाम्रो नेपाली पार्टीले एक मन्त्रालय सम्हालिरहेका छन् ।

विगत २५ दिनदेखि एकीकृत समाजवादीकी रमा आलेमगर विनाविभागीय मन्त्री छिन् । उनलाई मन्त्रालयको जिम्मेवारी दिन एकीकृत समाजवादीले दवाब बढाइ रहेको छ । संसदीय दलले हप्ता दिनभित्र मन्त्रालयको जिम्मेवारी दिनुपर्ने अल्टिमेटम दिएको नेता खनालले बताए । 'भौतिक पूर्वाधार मन्त्रालय, सामाजिक विकास मन्त्रालय संधै एउटै दलले लिइरहनु पर्ने भन्ने हुन्छ र ? पुन: विभाजन हुनुपर्छ,' खनालले भने ।

संसदीय दलले १२ वटै मन्त्रालय कायम गर्दा एकीकृत समाजवादीका ३ जना मन्त्रीलाई नै व्यवस्थापन गर्नुपर्ने निर्णय गरेको खनालले जनाए । मन्त्रालय संख्या घटाउँदा मात्रै दुईजना मन्त्री बनाउन सहमत हुने उनको भनाई छ । तर, १२ बाट १३ वटा मन्त्रालय बनाउन नदिने निर्णय दलको बैठकले गरेको उनले बताए । 'हामी त ७ वटा मन्त्रालय बनाउनुपर्छ भन्ने मान्यता राख्छौं । सबैको घट्दा हामी पनि घट्न तयार छौं,' उनले भने ।

दलको बैठकले सबै राजनीतिक नियुक्तमा समान भागबण्डा हुनुपर्ने निर्णय गरेको नेता खनालले जनाकारी दिए । पाँच वटा संसदीय समितिको सभापति चयन तत्काल हुनुपर्ने र एउटा समितिको सभापति एकीकृत समाजवादीले पाउनुपर्ने निर्णय गरेको खनालले जानकारी दिए । मुख्य दललाई एकएकवटा समिति हुनुपर्ने उनको भनाई छ । खनालले मुख्यमन्त्री जम्कट्टेललाई दलको लिखित निर्णय बुझाउने बताए ।

एकीकृत समाजवादीबाट लक्ष्मण लम्सालले श्रम, रोजगार तथा यातायात मन्त्रालय र डा. राजेन्द्रमान श्रेष्ठले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्हालिरहेका छन् । एकीकृत समाजवादीले मागेको तीनवटा मन्त्रालयमध्ये दुई वटामा माओवादी केन्द्रका र एउटामा एमालेबाट मन्त्री छन् । भौतिकमा माओवादीका युवराज दुलाल, खानेपानीमा एमालेका एकालाल श्रेष्ठ र सामाजिकमा माओवादीकी कुमारी मोक्तान मन्त्री छन् । मुख्यमन्त्री जम्कट्टेल भने भौतिक र सामाजिक मन्त्रालय दिन तयार नदेखिएको विनाविभागीय मन्त्री मगर बताउँछिन् । मगरले मन्त्री नियुक्त गर्दा भौतिक मन्त्रालय दिने सहमति गरेको बताइन् ।

# शिवम्को अनुगमन गर्न वडाअध्यक्षको संयोवकत्वमा समिति




साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ जनताको स्वास्थ्यप्रति गैरजिम्मेवार बनेको भन्दै आन्दोलनमा रहेका हेटौंडा-१६ शिवम् सिमेन्ट क्षेत्रका स्थानीयको समस्या समाधान गर्न समिति गठन गरिएको छ ।

उद्योगले सिमेन्ट उत्पादनको क्रममा प्लाष्टिकजन्य पदार्थ संकलन गरी जलाएको र लामो समयदेखि धुलोका कारण स्थानीय पीडामा परेको भन्दै आन्दोलनमा रहेका स्थानीयको समस्या समाधानका लागि हेटौंडा-१६ का अध्यक्ष रामकृष्ण कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको हो ।

हेटौंडा उपमहानगर पालिकामा भएको सर्बपक्षीय बैठकले आउँदो सातदिन भित्र जनताको गुनासो संबोधन हुने गरी काम गर्न उद्योगलाई निर्देशन दिँदै आवश्यक अनुगमनका लागि समिति गठन गरिएको हो । नियमित अनुमन गर्ने समितिको सहसंयोजकमा १७ नम्बरका अध्यक्ष उद्धब सत्याल र हेटौंडा उपमहानगरका वातावरण इन्जिनियर चन्दा खड्का सदस्यसचिव रहेको १८ सदस्य समिति गठन गरिएको हो ।

उद्योगले सिमेन्ट उत्पादनका लागि पेल्ने ढुङ्गाबाट निस्कने धुलो, सञ्चालनका क्रममा आउँने ध्वनी नियन्त्रण गर्नुपर्ने र उद्योग परिसरमा बिभिन्न स्थानबाट संकलित प्लाष्टिक जलाएको निरीक्षण गर्दै सुधारको काममा दवाब दिनका लागि समिति गठन गरिएको हो । बैठकमा बिगत १९ बर्षदेखि उद्योगले फैलाएको प्रदुषणका कारण स्थानीयमा स्वासप्रस्वासको समस्या देखिएको बताएका थिए । पटक/पटक बैठक बस्दै सम्झौता गरेपनि उद्योग सञ्चालकले समस्या समाधानका लागि कुनै काम नगरेको बताए ।

उद्योगलाई जिम्मेवार बनाउँने काममा स्थानीयको भूमिका महत्वपूर्ण हुने भन्दै हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले समस्या समाधानका लागि जिम्मेवार बन्न उद्योग सञ्चालकलाई आग्रह गरिन् । अनुगमन समितिले आउँदो ७ दिनभित्र सकारात्मक सन्देश ल्याउने काममा उद्योगलाई सहयोगी बन्न सुझाव दिइन् । स्थानीय सरकारले स्थानीयबासीको समस्या समाधान नगरी बस्न नहुँने भन्दै सजग भएर उद्योग सञ्चालन गर्नतर्फ ध्यान दिन सुझाइन् । बैठकमा उपप्रमुख राजेश बानियाँले स्थानीयलाई खुशी बनाएर काम गर्दा मात्र उद्योगको समस्या हट्दै जाने बताए । स्थानीयलाई जति दु:ख दियो उति उद्योगमा समस्या थपिने बताए ।

नगरप्रमुख लामाको अध्यक्षतामा भएको बैठकमा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि सहित मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, मकवानपुरका प्रहरीप्रमुख सीताराम रिजाल, शसस्त्र प्रहरी बल मकवानपुरका प्रमुख ज्ञानप्रसाद भुर्तेल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाल, उद्योग संघ बागमती प्रदेशका अध्यक्ष लेखराज पोखरेल, उद्योग संघका अध्यक्ष बद्रीनाथ शर्मा, शिवम् सिमेन्ट प्रभावित क्षेत्रका स्थानीय टोलविकास संस्थाका प्रतिनिधि र स्थानीयको उपस्थिति थियो ।

# सिमलटारमा विद्यार्थीलाई कम्प्युटर तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ हेटौंडा उपमहानगरपालिका-११ स्थित सिमलटारको विपन्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडले हेटौंडा-११ नम्बर वडा, सिमलटारका माध्यमिक तथा स्नात्तक तहका विद्यार्थीलाई कम्प्युटरसम्बन्धी आधारभूत तालिम दिन सुरु गरेको छ ।

तालिम चिनीमाया प्रतिष्ठानको सहयोगमा संचालन गरिएको प्रतिष्ठानका मकवानपुर जिल्ला अध्यक्ष तथा विपन्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष कमलचन्द्र सुमनले जानकारी दिए । अध्यक्ष सुमनको सभाध्यक्षमा भएको कार्यक्रममा हेटौंडा-११ की वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि दाहालले तालिम महत्वपूण रहेको बताइन् । साथै प्रशिक्षार्थीलाई दक्ष बन्न आग्रह गरिन् ।

कार्यक्रममा त्रिभुवन माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण बस्नेत, आयोजक संस्थाकी सहसचिव पिमिसरा दर्लामीमगर, कोषाध्यक्ष लक्ष्मी भण्डारी, तालिम प्रशिक्षक सुदीप भुर्तेललगायतको उपस्थिति रहेको थियो । तालिमको लागि हेटौंडाका व्यवसायी तथा सामाजिक व्यक्तित्व ज्योतिरत्न बज्राचार्य, माभेन कन्सल्टेन्सी, नमस्कार साप्ताहिक, विपन्न बचत तथा ऋण सहकारी संस्थाले कम्प्युटर सहयोग गरेको सहकारीले जनाएको छ । तालिममा २० जना प्रशिक्षार्थी रहेका छन् ।

# राक्सिराङबासीको गुनासो: पाँच वर्षदेखि विद्युत मिटर रिडिङ भएन

साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ राक्सिराङ गाउँपालिका-१ र २ का गाउँबस्तीमा पाँच वर्षदेखि विद्युत महसुलका लागि मिटर रिडिङ नभएको उपभोक्ताले गुनासो गरेका छन् ।

कोभिड-१९ को प्रकोपपछि गाउँमा मिटर रिडरहरु नगएकाले एकैपटक ठूलो परिमाणको बक्यौता भुक्तानी गर्नुपर्ने त्रासका कारण उपभोक्ता चिन्तित छन् । २ नं वडा कार्यालय कुँडुलेमा राक्सिराङ गाउँपालिकाले आयोजना गरेको सार्बजनिक सुनुवाईमा उपभोक्ताले यस्तो पीडा पोखेका हुन् । 'अब एकैचोटी मिटर रिडर आएर बिजुलीको बील निकाल्दा हामी त तिर्न नसक्ने अवस्थामा पुग्छौं,' १ नम्बर वडाका उपभोक्ता सुवाश लोलेे भने, 'जरिबाना, हर्जाना सबै जोडेर आउँदा घरबारी नै बेच्नुपर्ने अबस्था आउने हो कि भन्ने पीर भयो ।,'

बिजुली जडान भएको २ वर्षसम्म नियमितरुपमा मिटर रिडर आएर मिटर रिडिङ गरेको भएपनि कोभिड-१९ प्रकोप यता मिटर रिडर नआएको बताइएको छ । सार्बजनिक सुनुवाईमै अन्य उपभोक्ताले पनि १० वर्षदेखि ट्रान्सफर्मर जोडिए पनि विद्युत प्रवाह नगरिएको गुनासो सुनाए । 'बल्लबल्ल लडाइँ लडेर ट्रान्सफर्मर ल्याइयो,' निवर्तमान वडाध्यक्ष सूर्यबहादुर मुक्तानले भने, 'अहिलेसम्म जडान हुन भने सकेन ।,'

एकपछि अर्को गर्दै बिजुलीका समस्या दिनानुदिन बढ्दै गइरहे पनि प्राधिकरणले बेवास्ता गरेको आरोप उपभोक्ताले लगाएका छन् । सार्बजनिक सुनुवाइमा बोल्दै गाउँपालिका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ गाउँपालिकामै विद्युत प्राधिकरणको शाखा कार्यालय राख्नका लागि प्रयत्न भइरहेको बताए । उनले विद्युत प्राधिकरणको कार्यालय नै राक्सिराङमा राखन सकिए उपभोक्ताका समस्या स्थानीयस्तरमै समाधान हुने बताए ।

ग्रेटर ताम्सालिङ मिडिया प्रालिले समन्वय र सहजीकरण गरेको कार्यक्रममा उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, वडाध्यक्षहरु बाबिराम मुक्तान, बुद्धराम मुक्तान, उत्तम वाइबा लगायतले उठेका प्रश्नबारे जवाफ दिएका थिए । सहभागीले स्थानीय शिक्षा, स्वास्थ्य, सडकलगायत बिषयमा कार्यक्रममा प्रश्न उठाएका थिए ।

# जुनसुकै बेला इन्टरनेट सेवा रोकिन सक्ने सेवा प्रदायकको चेतावनी

काठमाडौं/इन्टरनेट सेवा प्रदायक संघ (आइस्पान)ले जतिबेला पनि इन्टरनेट सेवा काटिन सक्ने चेतावनी दिएको छ । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै आइस्पानले घरघरमा जोडिएको इन्टरनेटको सेवा जतिबेला पनि अवरुद्ध हुन सक्ने चेतावनी दिएको हो ।

इन्टरनेट ब्याण्डविथ बापत १२ महिनाको करिब ३ अर्ब रुपैयाँ भारतीय कम्पनी एयरटेललाई भुक्तानी गर्न सरकारले अवरोध गरेका कारण नेपालभर जतिबेला पनि इन्टरनेट अवरुद्ध हुन सक्ने आइस्पानका अध्यक्ष सुधीर पराजुलीले बताए ।

'अहिले इन्टरनेट ब्याण्डविथको १२ महिनाको करिब ३ अर्ब रुपैयाँ भारतीय कम्पनी एयर टेललाई पठाउन सकिएको छैन। उताबाट पैसा किन नपठाएको भन्दै पत्र आइसकेको छ', उनले भने, 'तर, ब्याण्डविथको खरिद गर्दा तिर्नुपर्ने पैसाको सिफारिस नदिँदा जतिबेला पनि इन्टरनेट बन्द हुन सक्छ।'

आइस्पानका अध्यक्ष पराजुलीले नेपाल ब्याण्डविथ खरिद गर्दा तिर्नुपर्ने पैसा पठाउन ताकेता पत्र आइसकेको पनि सुनाए । 'भारतीय कम्पनीबाट खरिद गरेको पैसा पठाउन ताकेता पत्र २ दिन अगाडि आइसकेको छ । तर, सरकारले सिफारिस नदिँदा उक्त पैसा बैंकमा अड्किएर बसेको छ।'

अब हुने इन्टरनेट बन्दको जिम्मा सरकारले लिनुपर्ने आइस्पानको भनाइ छ। अध्यक्ष पराजुलीले भने, 'हामीलाई आयकर, रोयल्टी लगायतका करमाथि कर थोपर्ने अनि पैसा पठाउन विदेशी मुद्राको पनि सिफारिस नगर्दा दोधारमा छौं । यसको जिम्मा अब सरकारले लिनुपर्छ ।'

उनले सरकारले इन्टर नेट ब्याण्डविथ खरिदको पैसा तत्काल सिफारिस गरेर सहजीकरण नगरे सर्वोच्चमा जाने चेतावनी दिए ।

नेपालमा ७० प्रतिशत ब्यान्डविथ आउने भारतीय कम्पनी एयरटेलले ब्यान्डविथको रकम भुक्तानी नगरे इन्टरनेट बन्रुद हुन सक्ने भन्दै अध्यक्ष पराजुलीले अविलम्ब विदेशी मुद्रा सटहीको सिफारिस गर्न सरकारसँग आग्रह गरे ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मर्मत सम्भार शीर्षक अन्तर्गतको बेरुजू बक्यौता नतिरेको भन्दै १० महिनादेखि मुद्रा सिफारिस रोकिदिएको छ । तर, इन्टरनेट सेवा प्रदायकहरूले मर्मत सम्भार दूरसञ्चार सेवा अन्तर्गत नपर्ने अडान राख्दै आएका छन् । उनीहरूले दूरसञ्रुचार प्राधिकरणले मर्मत सम्भारबाट लिएको शुल्क बाहेकको आम्दानीबाट रोयल्टी र आरटीडीएफ (ग्रामीण दूरसञ्चार विकास कोष) दस्तुर बुझाउँदै आएका छन् । उनले प्रश्रुन गर्दै भने, 'जसमा दूरसञ्चार सेवा शुल्क नै लाग्दैन, त्यस्तो आयमा आरटीडीएफ र रोयल्टी कसरी लाग्छ ?'

निजी क्षेत्रलाई दूरसञ्चार क्षेत्र र दूरसञ्चार सेवामा राज्यले आकर्षित गर्नु पर्नेमा उल्टै विभेदकारी नीति अवलम्बन गरेको आईस्पानको आरोप छ । लगानी सम्मेलन समेत नजिक आइरहेको सन्दर्भमा राज्यको विभेदकारी नीति, निजी क्षेत्रलाई गरिने व्यवहार आदिबारे गम्भीर प्रश्न चिन्ह खडा भएको आईस्पानले जिकर छ ।

अदालतको आदेश, संशोधित दूरसञ्चार नियमावली र आर्थिक ऐनले गरेको व्यवस्था, सार्वजनिक लेखा समितिको पटक पटकको प्रतिवेदन लगायतलाई आधार मान्दै सेवाप्रदायकले लामो समयदेखि इन्टरनेट र मर्मत सम्भार छुट्याई बिजक जारी गर्दै आएका छन् ।

मर्मत सम्भार शुल्कमा रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोष वापतको रकम लगाउन सर कारले दूरसञ्चार ऐन नै परिवर्तन गर्नुपर्ने आईस्पानको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# सहसचिव पदको लिखित परीक्षाको नतिजा सार्वजनिक

काठमाडौं/लोकसेवा आयोगले सहसचिव पदका लागि लिएको लिखित परीक्षाको नतिजा सार्वजनिक गरेको छ । आयोगले बिहीबार सहसचिवका लिखित परीक्षाको नतिजा सार्वजनिक गर्दै उत्तीर्णहरुलाई अन्तरवार्तामा बोलाएको छ ।

आयोगका अनुसार २ जना सहसचिवका लागि प्रशासनतर्फ खुलामा ४, एक जना महिला कोटाको सहसचिवका लागि ४ र एक जना मधेशीतर्फको सहसचिवको लिखित परीक्षामा ३ जना पास भएका छन् । प्रशासनतर्फ सहसचिवका लागि लिखितमा १ हजार २५ जना सहभागी थिए ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना